स्थानीय 'क' वर्गमा वर्गिकृत
www.dhamakadaily.com
कर्णालीबाट देशैभर एकसाथ
धमाका राष्ट्रिय
DHAMAKA NATIONAL DAILY
दैनिक
वर्ष १८, अंक २५२, पृष्ठ ४ | सोमबार, ७ माघ २०८१ | Monday, January 20, 2025 | **Dhamaka** National Daily | मूल्य रु. १०

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय

# स्वास्थ्य सेवा कार्यालय, दैलेख

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१।१०।०७ गते**

स्वास्थ्य सेवा कार्यालय, दैलेखको आ.ब. २०८१।०८२ को स्वीकृत कार्यक्रम अनुसार निःशुल्क स्वास्थ्य सेवाका लागि औषधीहरु तथा औषधी जन्य सामाग्रीहरु खरिदमा प्राप्त कार्यक्रम तथा बजेट अनुसार औषधीहरु तथा औषधी जन्य सामाग्रीहरु सिलबन्दी दरभाउपत्रको माध्यमद्धारा खरिद गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस सुचनामा उल्लेखित सेवा सर्तको अधिनमा रहि ईच्छुक ईजाजत प्राप्त WHO GMP Certified कम्पनीबाट उत्पादित औषधि तथा स्वास्थ्य सामाग्री बिक्रेता व्यबसायी व्यक्ति वा फर्म तथा कम्पनीहरुले स्वास्थ्य सेवा कार्यालय, दैलेख, जिल्ला प्रशासन कार्यालय, दैलेख र प्रदेश लेखा इकाई कार्यालय, दैलेखबाट पछि फिर्ता नहुने गरी रु. १०००।– तिरी दरभाउपत्र फाराम खरिद गरी रु. १०।– को टिकट टाँसी निम्न शर्तको अधिनमा रहि रित पुर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सिलबन्दी दरभाउपत्र आह्वानको सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१. दरभाउपत्र फाराम खरिद गर्दा अध्यावधिक नविकरण भएको फर्मको इजाजत प्राप्त पत्र, आन्तरिक राजश्व कार्यालयमा मू.अ.कर दर्ता भएको प्रमाण पत्र, आ.ब. २०८०।०८१ को कर चुक्ता प्रमाण पत्र (म्याद थप भएमा सोको प्रतिलिपि) र नेपाली नागरिकताको प्रमाणपत्रहरु (मान्यता प्राप्त नोटरी पब्लिकद्धारा) प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । दरभाउपत्र दाता खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको,यो खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र व्यबसायी सम्बन्धी कसुर सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा पत्र समेत सिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्ने छ । तर कालो सूचीमा परेको व्यक्ति, फर्म, संस्था वा कम्पनीको सञ्चालकले आफ्नो पूर्ण वा आंशिक स्वामित्व कायम रहने गरी खोलेको नयाँ फर्म, कम्पनी वा संस्था वा निज आफैं वा निज समेतको नाममा भैरहेको अर्को फर्म, संस्था वा कम्पनीले दरभाउपत्र पेश गर्न पाइने छैन ।

२. औषधी तथा औषधी जन्य स्वास्थ्य सामाग्रीहरु खरिद तथा सप्लाई कार्यको लागि ईजाजत प्राप्त WHO GMP Certified कम्पनीबाट उत्पादित औषधि तथा औषधीजन्य स्वास्थ्य सामाग्री बिक्रेता व्यबसायी व्यक्ति वा फर्महरुले मात्र दरभाउपत्र फाराम खरिद गर्न पाउने छ । औषधी खरिद तथा सप्लाई कार्यको कार्यालयले सारभुतरुपमा प्रभावग्राही दरभाउपत्र मध्ये प्याकेजको रुपमा सबै भन्दा घटी कबोल गर्ने फर्मको दरभाउपत्र स्वीकृत गरिनेछ ।

३. खरिद गर्न लागिएका औषधी तथा सामाग्रीहरु कुनै पनि उत्पादनको सम्बन्धित उत्पादकले गरेको परिक्षणको प्रमाणपत्र अनिवार्य पेश गर्नु पर्नेछ । खरिद गरिएका औषधि तथा साधनहरुको वितरण पश्चात पनि गुणस्तरको सम्बन्धमा शंका लागेमा नमुना संकलन गरी सम्बन्धीत निकायमा परीक्षणका लागि पठाउनु परेमा सोको परिक्षण गर्दा लाग्ने परिक्षण शुल्क सम्बन्धित आपूर्ति कर्ताले नै व्यहोनु पर्नेछ ।

प्र. स्वास्थ्य सेवा व्यवस्थापक

४. खरिद गरिने औषधि तथा औषधी जन्य सामाग्रीहरु विश्व स्वास्थ्य संगठन कुशल उत्पादक प्रक्रिया (WHO GMP Certified) कम्पनीहरुको मात्र औषधी आपूर्ति गर्नुपर्नेछ र सप्लाई हुने औषधीको प्रत्येक पत्ता (Strip) बोतल, भाइल, टयुब र सो को प्याकिङ्गमा समेत उत्पादन मिति, एक्सपायर मिति, ब्याच नम्बर अनिवार्य रुपमा लेखिएको र सो को उपयोग अवधि (Expired Date) यस कार्यालयमा प्राप्त भएको मितिले कम्तीमा ७५ प्रतिशत हुनु पर्नेछ । औषधि तथा औषधी जन्य सामाग्रीहरुको प्याकिङ्गमा म्याद कम भएको औषधि तथा जन्य सामाग्रीहरु प्राप्त हुन आएमा फिर्ता गर्न बाधा पर्ने छैन । औषधी खरिद तथा सप्लाई दरभाउपत्र दाताले दरभाउपत्र साथ सप्लाई गरिने औषधिको स्याम्पल (नमुना) अनिवार्य पेश गर्नु पर्नेछ ।

५. सप्लाई गर्ने औषधी Bottle भएमा प्लाष्टिक बोतलमा र Tablets & Cap भए Strip मा सप्लाई गर्नु पर्ने छ । खरिद भएका दरभाउपत्रहरु रित पूर्वक भरि आवश्यक कागजातहरु संलग्न राखी सहिछाप गरि सिलबन्दी गरि खामको बाहिर ब्यक्ति वा फर्मको पुरा नाम, ठेगाना, कामको विवरण स्पष्ट लेखि १६ (सोह्र) औं दिनको १२:०० बजे भित्र स्वास्थ्य सेवा कार्यालय, दैलेखमा दर्ता गराउनु पर्नेछ । अन्यथा मान्यता दिईने छैन । दर्ता भएका सम्पूर्ण शिलबन्दी दरभाउपत्र ठेकेदार वा निजको आधिकारीक प्रतिनिधिहरुको र कार्यालयको प्रतिनिधीहरुको रोहवरमा सोहि दिनको २:०० बजे खोलिने छ । दरभाउपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिहरु अनुपस्थित रहेमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

६. दरभाउपत्र साथ धरौटी वापत तपशिलमा उल्लेखित रकम प्रदेश लेखा इकाई कार्यालय, दैलेखको राष्ट्रिय बाणिज्य बैंक शाखा दैलेखमा रहेको धरौटी खाता नं.४०१०१००२०२०३०००० मा जम्मा गरेको भौचर वा सो रकम बराबरको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको कम्तीमा ७५ दिन म्याद भएको बिड बण्ड संलग्न हुनुपर्नेछ । नगद लाई मान्यता दिईने छैन ।

७. ठेक्का अवधी भर कुनै पनि मुल्य बृद्धि दिईने छैन ।

८. लागत अनुमान रकम मु.अ.कर सहित रु. १४०००००।– (अक्षेरुपीः चौध लाख) रहेको छ ।

९. शिलबन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्न र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्य हुनेछ ।

१०. शिलबन्दी दरभाउपत्रमा अंक र अक्षर दुबैमा प्रष्ट सँग लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा अनिवार्य सहिछाप भएको हुनुपर्नेछ ।

११. नियमानुसार लाग्ने कुनै पनि कर, दस्तुरहरु ठेकेदार स्वयंमले ब्यहोनु पर्नेछ ।

१२. म्याद नाघी वा रित नपुगी वा कुनै शर्त राखि पेश हुन आएको शिलबन्दी दरभाउपत्र उपर कुनै पनि कारबाही गरिने छैन ।

१३. दरभाउपत्र सम्बन्धी सूचनामा कुनै संशोधन भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

१४. प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१५. सिलबन्दी दरभाउपत्र दाताले लागत अनुमान भन्दा १५ प्रतिशत सम्म कम अंक कबुल गरेमा कबुल अंकको ५ प्रतिशत र लागत अनुमानको १५ प्रतिशत भन्दा बढी घटेमा कबुल गरेको अवस्थामा १५ प्रतिशत भन्दा जति रकमको घटी कबुल गरेको छ सो को ५० प्रतिशत हुन आउने रकम कबुल अंकको ५ प्रतिशत थप गरी कार्य सम्पादन जमानत राख्नु पर्नेछ ।

१६. यस सूचनामा लेखिएको हकमा यसै सूचना बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधित) र नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।

१७. शिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयको फोन नम्बर ०८९–४१०५५७ मा सर्म्पक गर्न सकिनेछ ।

**तपसिलः**

| क्र. सं. | ठेक्का नं. | विवरण | लागत अनुमान (मु.अ.कर सहित) (रु.) | विडबण्ड रकम (रु.) | दरभाउपत्र खरिद दस्तुर ( रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | २।२०८१।० ८२ | निःशुल्क स्वास्थ्य सेवाका लागि औषधीहरु तथा औषधी जन्य सामाग्रीहरु खरिद तथा सप्लाई कार्य । | १४००००० ।– ( अक्षेरुपी चौध लाख मात्र) | ४२०००।– (अक्षेरुपीः बयालीस हजार मात्र) | १०००।– | स्वास्थ्य सेवा कार्यालय, दैलेखको स्टोरसम्म ढुवानी आपूर्तिकर्ता स्वयमले ब्यहोर्नु पर्नेछ । |

निमित्त स्वास्थ्य सेवा व्यवस्थापक
स्वास्थ्य सेवा कार्यालय, दैलेख